*Om Shrestha & Associates*
*Registered Auditor*

*PAN : 301707464*
*COP No. : 0817 B*

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**श्री सदस्य महानुभावहरुज्यू,**
**हार्ट क्लब नेपाल**
**जावलाखेल, ललितपुर ।**

### वित्तीय विवरणको लेखापरीक्षणउपर प्रतिवेदन

**हाम्रो रायमा**
हामीले हार्ट क्लब नेपाल, पुल्चोक, ललितपुर, स्था.ले.नं. ३०२५४४१२३ को यसैसाथ संलग्न यसैसाथ संलग्न २०८२ आषाढ ३२ को वासलात सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण, र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु लेखामान बोर्ड नेपालद्धारा जारी नेपाल लेखामानहरु अनुसार छन् । यसैसाथ संलग्न वित्तीय विवरणहरुले २०८२ आषाढ मसान्तको वित्तीय स्थिति सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा तथा नगद प्रवाह विवरणले यर्थाथ चित्रण गरेका छन् ।

**हाम्रा मन्तव्यका आधारहरु**
हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्यौं । नेपाल लेखापरीक्षणमान अनुसार हाम्रा थप जिम्मेवारीहरु तल उल्लेखित लेखापरीक्षकको जिम्मेवारी परिच्छेदमा उल्लेख गरिएका छन् । नेपाल चाटर्ड एकाउण्टेण्ट संस्थाले जारी गरेको लेखापरीक्षकको आचार संहिताबमोजिम हामीले लेखापरीक्षकको स्वतन्त्रता र लेखापरीक्षणमा लागु हुने आचारसंहिताको पालना गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरु हाम्रो लेखापरीक्षणको लागि पर्याप्त छन् भन्नेमा हामी विश्वस्त छौं ।

**महत्वको विषय**
हामीले गरेको लेखापरीक्षणको क्रममा संस्थाले स्थापना गरेको अक्षय कोषको लागि छुट्टै बैंक खाता खोली रकम छुट्याइएको भएतापनि सो खाता संस्थाको नाममा रहेको पाइएन । यसका कारण बैंकद्धारा प्रदत्त ब्याजमा गरिएको कर कट्टी रकम दावी गर्ने नसक्ने अवस्था छ । यस विषयमा हामीले कार्य समितिसंग छलफल गरेका छौं र यस समस्यालाई सुधार्ने प्रतिवद्धता प्राप्त भएको छ । यसले वित्तीय स्थिति र परिणामहरुमा कुनै असर नगर्ने देखिन्छ ।

**वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी**
संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागि जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, कार्य समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन । वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नू हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभुत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।
यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभुत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ । हामीसंग यस सम्बधमा रिपार्ट गर्न केही छैन ।

**वित्तीय विवरणहरुप्रति व्यवस्थापन तथा कार्य समितिको जिम्मेवारी**
लेखामान बोर्ड नेपालद्धारा जारी नेपाल लेखामान अनुरुप यर्थाथ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यो जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् । वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको मूल्याकंन, खुलासा र लेखाकंन गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको हुन्छ । कार्य समिति संस्थाको वित्तीय रिर्पोटिङ प्रक्रियाको निरीक्षणको लागि जिम्मेवार छ ।

**वित्तीय विवरणको लेखा परीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व**

*Bafal, Gwarko, Lalitpur-17, Nepal. Mobile No. 9841291142 email: omshrestha4@gmail.com*

# Om Shrestha & Associates
## Registered Auditor

PAN : 301707464
COP No. : 0817 B


हाम्रो उद्देश्यहरु सम्पूर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा गल्तीबाट होस् सारभुत रुपमा त्रटीरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो । लेखापरीक्षण लेखामान तथा लेखाका सर्वमान्य सिद्धान्त अनूरुप गरिएको भएता पनि सारभुत त्रुटीहरु सधै पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुदैन । सारभुत त्रटीहरु जालसाजी वा त्रुटीबाट उत्पन्न हून सक्दछन् र त्यी त्रुटीहरु अलगअलग रुपमा वा समग्र रुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।
नेपाल लेखामान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौ र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौ । कमश हामी :

- वित्तीय विवरणमा चाहे जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत गल्तीहरुको जोखिम पहिचान मूल्याङकन गरी, ती जोखिमहरुको लागि उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरु डिजाइन र अबलम्बन गर्दैछौ । त्रुटीहरु हुने सारभुत गल्तीहरु पत्तालगाउन भन्दा जालसाजीबाट हुने सारभूत गल्तीहरु पत्ता लगाउन नसक्ने जोखिम अधिक हन्छ किनकी जालसाजी सामुहिक सम्बन्ध, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालिको ओभराइड समावेश हुन सक्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामा राय व्यक्त गर्ने उद्धेश्यका नभई, लेखापरीक्षणको परिस्थितिमा उपयुक्त हुने लेखापरीक्षण प्रक्रियाहरु डिजाइन गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य मुल्याङ्कन र लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धित खुलासाहरु अध्ययन गर्दछौ ।
- हामीले व्यवस्थापन तथा कार्य समितिको वित्तीय विवरणप्रति जिम्मेवार भएका व्यक्तिहरु मार्फत लेखापरीक्षणको समय तालिका, योजना गरिएको क्षेत्र र महत्वपुर्ण खोजहरु, लगायत संस्थाको आन्तरिक नियन्त्रण विधिमा रहेको कमीकमजोरीहरु जानकारी गरायौं ।

माथी उल्लेख गरिएका कूरासंगै हामीले स्वतन्त्रताको प्रासंसनिक नैतिक आवश्यकताहरु पालना गरेको र हाम्रो स्वतन्त्रतामा बाधा पुऱ्याउने सबै तत्वहरु लेखापरीक्षण गर्ने दौरान आएको खण्डमा कार्य समितिलाई जानकारी गराउने छौ भन्ने कुराको बयान दियौ ।

**संस्था दर्ता ऐनको प्रावधानहरुको आवश्यकता माथि प्रतिवेदन**
हाम्रो लेखापरीक्षणको साथै नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण गर्दा प्राप्त जानकारी अनुसार

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।
ख. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब प्रचलित कानुन तथा प्रचलन बमोजिम ठीकसंग राखिएको छ ।
ग. यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण,, आयव्यय हिसाब, नगद प्रवाह विवरण र संलग्न अनूसुचीहरु संस्थाले राखेको हिसाबकिताब र लेखासंग दुरुस्त रहेका छन् ।
घ. हाम्रो लेखापरीक्षणको समयमा संस्थाका कुनै पदाधिकारी वा सदस्यले प्रचलित कानूनविपरित लेखा सम्बन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन ।

Om Shrestha & Associates Regd. No. 4081 Registered Auditor

(ॐ शंकर श्रेष्ठ)
नि., ॐ श्रेष्ठ एण्ड एसोसियट्स
रजिष्टर्ड लेखापरीक्षक

स्थान: मनपा, ललितपुर
मिति: २०८२।०७।२१
UDIN: 251117RA004428fRD5

**हार्ट क्लब नेपाल**
**ललितपुर**
**१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्मको**
**वित्तीय बिबरणका टिप्पणीहरु**

**१ दर्ता तथा अन्य संक्षिप्त बिबरण**

मुनाफा रहित सस्थाको रुपमा संस्था दर्ता ऐन २०३४ अर्न्तगत जिल्ला प्रशासन कार्यालय ललितपुरमा मिति २०५४।०९।०१ मा दर्ता नं.८४२/०५४/०५५ अन्तर्गत दर्ता भै मिति २०५४।०९।०८ मा समाज कल्याण परिषदमा आ.नं.८०८९ अर्न्तगत आबद्ध भएको छ । ललितपुर महानगर पालिका, पुल्चोक, वडा न. ३ मा संस्थाको आफनै घरमा संचालनमा रहेको यस सस्थाले मिति २०६३।१२।२८मा आन्तरिक कार्यालय ललितपुरबाट स्थाई लेखा न. ३०२५४४१२३ प्राप्त गरेको छ ।

**२ वित्तीय बिबरण तयारी आधार**

**२.१ वित्तीय बिबरणको अवधि:**

१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्मको

**२.२ अविच्छिन्न संस्था (गोईङ कर्न्सन)**

संस्थाका सदस्यहरुको संस्था बन्द गर्ने सोचाई रहेको छैन । वित्तीय बिबरणको अवधिमा गत आर्थिक बर्षमा बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको महामारी तथा मुलुकमा फैलिएको डेंगुको कारण संस्थाका कार्यक्रमहरु संचालनमा प्रत्यक्ष प्रभाव परेको भएता पनि संस्था बन्दै नै हुने खालको सारभुत असर रहेको छैन । संस्थाले हाल आफ्नो उद्देस्य अनुरुप बिभिन्न कार्यहरु गर्दै आएको छ । तसर्थ संस्था अविछिन्न निकाय हो र निरन्तर चल्छ भन्ने आधारमा वित्तीय बिबरण तयार गरिएका छन् ।

**२.३ वित्तीय बिबरण पारीत**

संस्थाको मिति २०८२।०७।०१ गते बसेको कार्य समिति बैठकले प्रस्तुत वित्तीय विवरणहरु पारित गरेको छ ।

**२.४ मापन तथा तयारीका आधारहरु**

अन्तिम वित्तीय विवरणको रुपमा स्थिति विवरण पत्र, आम्दानी तथा खर्च विवरण, नगद प्रवाह विवरण, कोष परीवर्तन विवरण, लेखा नीति तथा टिप्पणीहरु तयार गरीएका छन् । ती वित्तीय विवरणहरु लागु गर्न सकिने हदसम्म लेखाको सर्वमान्य सिद्धान्त र नेपाल लेखामान लागु गरी तयार गरिएका छन् । वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा वाहेक ऐतिहासिक लागत अवधारणामा एकुअल लेखाको आधारमा तयार गरिएका छन् । वित्तीय विवरणहरु नेपाली रुपियामा तयार गरिएका छन् ।

**३ प्रमुख लेखांकन नीति**

**३.१ लगानी**

संस्थाले निश्चित प्रतिफल प्राप्त हुने गरी गरेका लगानीहरुलाई लागत मुल्यमा मापन गरेर लेखांकन गर्ने गरेको छ । कृ.बि.बैंक, र सानिमा बैंक लि. मा नियमित ब्याज आउने गरी खोलिएका बचत तथा मुद्धती खातालाई नगद वा नगद सरहको अर्न्तगत समावेश गरी देखाईएको छ ।

**३.२ नगद वा नगद बराबर लेखांकन नीति**

नगद तथा नगद बराबर (बैंक) को मौज्दात अन्तर्गत छोटो अवधि मै नगद मुल्यमा परिवर्तन गर्न सकिने उच्च तरलता भएका र मुल्यमा परिवर्तन हुने जोखिम नरहेका मौज्दातलाइ समावेश गरिएको छ । संस्थामा रहेको नगद मौज्दात तथा बैंकमा रहेका चल्ति खाताको मौज्दात यसमा समावेश भएको छ । वर्षान्तमा कुनै पनि नगद मौज्दात नरहेको हुनाले वित्तीय विवरणमा नगद मौज्दात देखाइएको छैन ।

**३.३ संचित कोष**

यो कोष प्रत्येक बर्ष बचत भएर जम्मा गरिएको साधारण संचित कोष हो । संस्थाको प्रत्येक बर्षको कारोवारबाट बचत भएमा यस कोषमा सारिने तथा नपुग भएमा पनि यसै कोषमा लेखिने गरिएको साधारण कोष हो ।

**३.४ अक्षय कोष (Endowment Fund)**

संस्थाले स्थापना गरेको अक्षय कोष बराबर डा.महेश्वर हार्ट इण्डोमेण्ट फण्डको नाममा सानिमा बैंकमा खाता खोलिएको छ । यस कोषबाट प्राप्त व्याज मुटु रोगसम्वन्धी जनचेतना जगाउने कार्यक्रम संचालन गर्ने, स्वास्थ्य शिविर संचालन गर्ने, बिपन्न वर्गलाई औषधी उपचारमा सहयोग गर्ने, मुटु रोगसम्वन्धी अनुसन्धान गर्ने आदि कार्यमा खर्च गर्ने नीति रहेको छ र संस्थाले सोहि उद्धेश्य अनुसार खर्च गदै आईरहेको छ । कुनै वर्ष व्याज रकम खर्च नभएको अवस्थामा सो रकम अक्षय कोषम पूंजीकृत गर्ने नीति लिइएको छ ।

३.५ **आम्दानी लेखांकन नीति**

नेपाल लेखामान अनुसार तथा लेखाका सर्वमान्य सिद्धान्त, विश्वसनीय ढंगबाट मापन गर्न सकिने हाल प्राप्त भएको वा भविष्यमा प्राप्त हुने आर्थिक लाभ जसले संस्थाको सम्पति बढाउने वा ऋण घटाउने र भविष्यमा आर्थिक लाभ गराउदछ भने त्यस्तो आर्थिक लाभलाई एकुअल आधारमा आम्दानी लेखांकन गर्नुपर्ने व्यवस्था अनुसार रहेको भएता पनि संस्थाले आम्दानी लेखांकन गर्दा निम्नानुसार गर्ने गरेको छ ।

३.५.१ **आजिवन तथा विशिष्ट सदस्यता शुल्क आम्दानी:-** संस्थाको सदस्यता शुल्कबापत नियमित रुपमा सदस्यहरुबाट उठाउने गरिएको छैन । संस्थाले आजिवन तथा विशिष्ट सदस्य भएबापत एकमुष्ट एकपटक मात्र उठाउने गरिएको छ र यी सदस्यता शुल्क आम्दानीलाई नगद प्राप्तीको आधारमा मात्र आफ्नो आम्दानीमा लेखांकन गर्ने गर्दछ ।

३.५.२ **अल्ट्रासाउण्ड, विज्ञापन लगायत अन्य आम्दानी:-**संस्थाले अन्य आम्दानीलाई नगद प्राप्त भएको आधारमा आफ्नो आम्दानीमा लेखांकन गर्ने गर्दछ ।

३.६ **खर्च लेखांकन नीति**

अचल सम्पति जडान वा त्यस्तै प्रकृतिका खर्चहरु जसले भविष्यमा संस्थालाई आर्थिक लाभ गराउंछ भने त्यस्ता खर्च पुंजीगत तर्फ र अन्य खर्च जसले संस्थाको आर्थिक लाभ घटाउंछ वा भविष्यमा आर्थिक लाभ कम गराउंछ भने आयगत खर्च मानी एकुअल आधारमा आय व्ययमा लेखांकन गर्ने गरेको छ ।

३.७ **सम्बद्ध पक्ष तथा कारोवार**

**कार्य समिति (Management Personnel)**

| नामावली | पद | सुविधा |
|---|---|---|
| निर्मलकुमार प्रधानाङ | अध्यक्ष | |
| मोहननाथ मास्के | उपाध्यक्ष | |
| सुमनबाद्य श्रेष्ठ | महासचिव | |
| श्रीमती रोशन चित्रकार | सह-महासचिव | |
| महेन्द्रबहादुर थापा | कोषाध्यक्ष | |
| देववीर बस्नेत | सदस्य | |
| श्रीमती मिना श्रेष्ठ | सदस्य | |
| बसन्त महर्जन | सदस्य | |
| श्रीमती रजनी चित्रकार | सदस्य | |
| श्रीमती परीक्षा कोइराला | सदस्य | |
| साधुराम महर्जन | सदस्य | |
| महेन्द्र सिंह रावल | सदस्य | |

उल्लेखित सदस्य तथा पदाधिकारीहरुलाई कुनै पारिश्रमिक प्रदान गरिएको छैन साथै कार्य समिति बैठकमा उपस्थित भए बापत पनि कुनै बैठक भत्ता भुक्तानी गरिएको छैन ।

### ३.५ आम्दानी लेखांकन नीति

नेपाल लेखामान अनुसार तथा लेखाका सर्वमान्य सिद्धान्त, विश्वसनीय ढंगबाट मापन गर्न सकिने हाल प्राप्त भएको वा भविष्यमा प्राप्त हुने आर्थिक लाभ जसले संस्थाको सम्पति बढाउने वा ऋण घटाउने र भविष्यमा आर्थिक लाभ गराउदछ भने त्यस्तो आर्थिक लाभलाई एकुअल आधारमा आम्दानी लेखांकन गर्नुपर्ने व्यवस्था अनुसार रहेको भएता पनि संस्थाले आम्दानी लेखांकन गर्दा निम्नानुसार गर्ने गरेको छ ।

३.५.१ **आजिवन तथा विशिष्ट सदस्यता शुल्क आम्दानी:-** संस्थाको सदस्यता शुल्कबापत नियमित रुपमा सदस्यहरुबाट उठाउने गरिएको छैन । संस्थाले आजिवन तथा विशिष्ट सदस्य भएबापत एकमुष्ट एकपटक मात्र उठाउने गरिएको छ र यी सदस्यता शुल्क आम्दानीलाई नगद प्राप्तीको आधारमा मात्र आफ्नो आम्दानीमा लेखांकन गर्ने गर्दछ ।

३.५.२ **अल्ट्रासाउण्ड, विज्ञापन लगायत अन्य आम्दानी:-**संस्थाले अन्य आम्दानीलाई नगद प्राप्त भएको आधारमा आफ्नो आम्दानीमा लेखांकन गर्ने गर्दछ ।

### ३.६ खर्च लेखांकन नीति

अचल सम्पति जडान वा त्यस्तै प्रकृतिका खर्चहरु जसले भविष्यमा संस्थालाई आर्थिक लाभ गराउंछ भने त्यस्ता खर्च पुंजीगत तर्फ र अन्य खर्च जसले संस्थाको आर्थिक लाभ घटाउंछ वा भविष्यमा आर्थिक लाभ कम गराउंछ भने आयगत खर्च मानी एकुअल आधारमा आय व्ययमा लेखांकन गर्ने गरेको छ ।

### ३.७ सम्बद्ध पक्ष तथा कारोवार

**कार्य समिति (Management Personnel)**

| नामावली | पद | सुविधा |
|---|---|---|
| निर्मलकुमार प्रधानाङ | अध्यक्ष | |
| मोहननाथ मास्के | उपाध्यक्ष | |
| सुमनबाद्य श्रेष्ठ | महासचिव | |
| श्रीमती रोशन चित्रकार | सह-महासचिव | |
| महेन्द्रबहादुर थापा | कोषाध्यक्ष | |
| देववीर बस्नेत | सदस्य | |
| श्रीमती मिना श्रेष्ठ | सदस्य | |
| बसन्त महर्जन | सदस्य | |
| श्रीमती रजनी चित्रकार | सदस्य | |
| श्रीमती परीक्षा कोइराला | सदस्य | |
| साधुराम महर्जन | सदस्य | |
| महेन्द्र सिंह रावल | सदस्य | |

उल्लेखित सदस्य तथा पदाधिकारीहरुलाई कुनै पारिश्रमिक प्रदान गरिएको छैन साथै कार्य समिति बैठकमा उपस्थित भए बापत पनि कुनै बैठक भत्ता भुक्तानी गरिएको छैन ।

# हार्ट क्लब नेपाल

ललितपुर

## वित्तीय स्थिति विवरण

२०८२ आषाढ ३२ को

| विवरण | अनुसूची | २०८२ आषाढ ३२ को | २०८१ आषाढ ३१ को |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | १ | २५४,३४१।०० | २९९,२२६।०० |
| दीर्घकालीन लगानी | | - | - |
| **जम्मा गैर चालु सम्पत्ति** | | २५४,३४१।०० | २९९,२२६।०० |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा नगद समान | २ | १,०६८,३५९।३० | ९६८,२५४।६० |
| पेश्की तथा लिनुपर्ने हिसाब | ३ | २२,४८७।६० | ११,८४४.१६ |
| **जम्मा चालु सम्पत्ति** | | १,०९०,८४६।९० | ९८०,०९८।७६ |
| **कोषको लागि छुट्याइएको बैंक खाता** | | | |
| मुद्दतिखाता-सानिमा बैंक#००५०१२१२००००१७४ | | १,१५०,०००।०० | १,१५०,०००.०० |
| **जम्मा सम्पत्ति** | | २,४९५,१८७।९० | २,४२९,३२४।७६ |
| **दायित्व तथा रिजर्भ** | | | |
| **संचित रिजर्भ** | | | |
| संचित बचत | ४ | १,३२०,९७४।९० | १,२६९,३२४।७६ |
| अक्षय कोष | | १,१५०,०००।०० | १,१५०,०००।०० |
| **जम्मा संचित रिजर्भ** | | २,४७०,९७४।९० | २,४१९,३२४।७६ |
| **गैर चालु दायित्व** | | | |
| ऋण तथा सापटी | | - | - |
| कर्मचारी हित | | - | - |
| **जम्मा गैर चालु दायित्व** | | - | - |
| **चालु दायित्व** | | | |
| तिर्नुपर्ने हिसाब | ५ | ११,३००।०० | १०,०००।०० |
| आयकर व्यवस्था | | १२,९१३.०० | - |
| **जम्मा चालु दायित्व** | | २४,२१३।०० | १०,०००।०० |
| **जम्मा दायित्व तथा रिजर्भ** | | २,४९५,१८७।९० | २,४२९,३२४।७६ |

महेन्द्रबहादुर थापा
कोषाध्यक्ष

सुमनबाद्य श्रेष्ठ
महासचिव

निर्मलकुमार प्रधानाङ्ग
अध्यक्ष

ॐ शंकर श्रेष्ठ
ॐ श्रेष्ठ एण्ड एसोसिएट्स
रजिष्टर्ड लेखापरीक्षक

# हार्ट क्लब नेपाल

ललितपुर

## आय व्यय बिवरण

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको

| विवरण | अनुसूची | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ |
|---|---|---|---|
| **आम्दानी** | | | |
| आजीवन सदस्य शुल्क | | ९,०००।०० | २१,०००।०० |
| विशिष्ट सदस्य शुल्क | | ८७,०००।०० | १०,०००।०० |
| सहयोग प्राप्त | | ५०,२९०।०० | ७,०००।०० |
| अल्ट्रासाउण्ड आम्दानी | | ९८,९९७।०० | १०४,५८५।०० |
| हल्टर आम्दानी | | २४,२००।०० | ३०,२५०।०० |
| कार्यक्रम नाम दर्ता शुल्क | | - | - |
| ब्याज आम्दानी | | ७०,९५६।१४ | ११२,०३४।६३ |
| विज्ञापन आम्दानी | | ९८,०००।०० | १४३,०००।०० |
| **जम्मा आम्दानी** | | **४३८,४४३।१४** | **४२७,८६९।६३** |
| **व्यय** | | | |
| तलब खर्च | | ७९,०००।०० | ७९,०००।०० |
| छपाई खर्च | | ४९,९९६।०० | ८०,०००।०० |
| मसलन्द खर्च | | ९५०।०० | ६,६५०।०० |
| कार्यक्रम तथा गोष्ठी खर्च | | ७०,७७५।०० | ८६,४८७।०० |
| सहयोग खर्च | | ४,८५०।०० | ५०,०००।०० |
| लेखा परीक्षण शुल्क | | ११,३००।०० | १०,०००।०० |
| नवीकरण शुल्क | | ३,४४०।०० | ४,१६५।०० |
| साधारण सभा खर्च | | १०१,०३४।०० | ५१,५३५।०० |
| जनचेतना खर्च | | - | १०,०००।०० |
| विज्ञापन | | - | ५,०००।०० |
| विविध खर्च | | ३५०।०० | ८।०० |
| परिवहन खर्च | | ७,३००।०० | - |
| ह्रास खर्च | | ४४,८८५।०० | ५२,८०५।०० |
| **जम्मा व्यय** | | **३७३,८८०।००** | **४३५,६५०।००** |
| **कर अधि खुद बचत/(घाटा)** | | ६४,५६३.१४ | (७,७८०.३७) |
| आयकर खर्च | | १२,९१३.०० | - |
| **यस वर्षको बचत/(घाटा)** | | ५१,६५०.१४ | (७,७८०.३७) |

| | | | |
|---|---|---|---|
| **महेन्द्रबहादुर थापा** | **सुमनबाबु श्रेष्ठ** | **निर्मलकुमार प्रधानाङ** | **ॐ शंकर श्रेष्ठ** |
| कोषाध्यक्ष | महासचिव | अध्यक्ष | ॐ श्रेष्ठ एण्ड एसोसियट्स |
| | | | रजिष्टर्ड लेखापरीक्षक |

# हार्ट क्लब नेपाल

ललितपुर

## नगद प्रवाह विवरण

२०८१ श्रावण १ देखि २०८२ आषाढ ३२ सम्मको

| क.सं. | विवरण | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | **संचालन गतिविधिबाट नगदको प्रवाह** | | |
| | आय विवरण अनुसारको बचत/(घाटा) | ६४,५६३.१४ | (७,७८०.३७) |
| | **समायोजन** | | |
| | जोड: ह्रास खर्च | ४४,८८५.०० | ५२,८०५.०० |
| | जोड: अक्षय कोषमा बृद्धी | - | - |
| | कट्टी: कोषको लागि छुट्याइएको बैंक खातामा बृद्धी | - | (१४९,८९९.००) |
| | **कार्यशिल पूंजी समायोजन पुर्वको नगद प्रवाह** | **१०९,४४८.१४** | **(१०४,८७४.३७)** |
| | **कार्यशिल पूजी समायोजन** | | |
| | चल सम्पत्तीहरुमा कमी/(बृद्धी) | ०.०० | ०.०० |
| | चालू दायित्वमा बृद्धि/(कमी) | १,३००.०० | ०.०० |
| | आयकर चुक्ता | (१०,६४३.४४) | (३,४७२.२०) |
| | **जम्मा** | **(९,३४३.४४)** | **(३,४७२.२०)** |
| | **संचालन गतिविधिबाट नगदको भित्री प्रवाह** | **१००,१०४.७०** | **(१०८,३४६.५७)** |
| २ | **लगानी गतिविधिबाट नगदको प्रवाह** | | |
| | क) स्थिर सम्पत्ती खरिद | - | - |
| ३ | **वित्तीय गतिविधिबाट नगदको प्रवाह** | - | - |
| ४ | **यसवर्षको नगद मौज्दात** | **१००,१०४.७०** | **(१०८,३४६.५७)** |
| | जोड: यसवर्षको शुरु बैंक तथा नगद मौज्दात | ९६८,२५४.६० | १,०७६,६०१.१७ |
| ५ | **वर्षान्तको बैंक तथा नगद मौज्दात** | **१,०६८,३५९.३०** | **९६८,२५४.६०** |

| महेन्द्रबहादुर थापा | सुमनबाद्य श्रेष्ठ | निर्मलकुमार प्रधानाङ | ॐ शंकर श्रेष्ठ |
|---|---|---|---|
| कोषाध्यक्ष | महासचिव | अध्यक्ष | ॐ श्रेष्ठ एण्ड एसोसियट्स<br>रजिष्टर्ड लेखापरीक्षक |

# हार्ट क्लब नेपाल

ललितपुर

## कोष परिवर्तन बिबरण

१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्मको

| बिबरण | सदस्य पूंजि कोष | संचित कोष | प्रतिवन्धित कोष | अक्षय कोष | जम्मा |
|---|---|---|---|---|---|
| अन्तिम मौज्दात ३२, आषाढ २०८० | | १,४२७,००४.१३ | - | १,०००,१०१.०० | २,४२७,१०५.१३ |
| समायोजन | - | | - | - | - |
| पूर्न मौज्दात | - | १,४२७,००४.१३ | - | १,०००,१०१.०० | २,४२७,१०५.१३ |
| आय व्ययमा समावेश नभएका अन्य आयहरु | - | - | - | | - |
| पूर्न मूल्यांकन नाफा/घाटा | - | - | - | | - |
| संचित कोष बिनियोजन | - | (११९,१०१.००) | - | ११९,१०१.०० | - |
| कोषमा थप बिनियोजन | | | | | - |
| चालू बर्षको संचित | - | (७,७८०.३७) | - | | (७,७८०.३७) |
| अन्तिम मौज्दात ३१, आषाढ २०८१ | - | १,३००,१२२.७६ | - | १,११९,२०२.०० | २,४१९,३२४.७६ |
| आय व्ययमा समावेश नभएका अन्य आयहरु | - | - | - | - | - |
| पूर्न मूल्यांकन नाफा/घाटा | - | - | - | - | - |
| संचित कोष बिनियोजन | | - | - | - | - |
| कोषमा थप बिनियोजन | - | | - | - | - |
| चालू बर्षको आम्दानीमा लेखांकन | - | - | - | - | - |
| चालू बर्षको संचित | - | ५१,६५०.१४ | - | - | ५१,६५०.१४ |
| अन्तिम मौज्दात ३२, आषाढ २०८२ | - | १,३५१,७७२.९० | - | १,११९,२०२.०० | २,४७०,९७४.९० |

महेन्द्रबहादुर थापा
कोषाध्यक्ष

सुमनबाद्य श्रेष्ठ
महासचिव

निर्मलकुमार प्रधानाङ्ग
अध्यक्ष

ॐ शंकर श्रेष्ठ
ॐ श्रेष्ठ एण्ड एसोसियट्स
रजिष्टर्ड लेखापरीक्षक

## हार्ट क्लब नेपाल
### सम्पत्ति, प्लान्ट तथा उपकरण
### २०८२ आषाढ ३२ को

अनुसूची १

| क्र.सं. | विवरण | ह्रास दर प्रतिशत | २०८१।०४।०१ को मूल्य | यस वर्ष थप | जम्मा | ह्रास रकम | २०८२।०३।३२ को मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | हल्टर मेशिन | १५ | ७९,१६९।०० | | ७९,१६९।०० | ११,८७५।०० | ६७,२९४।०० |
| २ | विपि सेट | १५ | ७४७।०० | | ७४७।०० | ११२।०० | ६३५।०० |
| ३ | सोनी साइवर शट ७.२ क्यामेरा | १५ | १,४८४।०० | | १,४८४।०० | २२३।०० | १,२६१।०० |
| ४ | एसर ल्यापटप | १५ | ४,२३१।०० | | ४,२३१।०० | ६३५।०० | ३,५९६।०० |
| ५ | इपसन प्रोजेक्टर | १५ | ५,१२४।०० | | ५,१२४।०० | ७६९।०० | ४,३५५।०० |
| ६ | आहुजा एम्प्लिफायर | १५ | १,०४२।०० | | १,०४२।०० | १५६।०० | ८८६।०० |
| ७ | आहुजा स्पीकर | १५ | १,२०२।०० | | १,२०२।०० | १८०।०० | १,०२२।०० |
| ८ | आहुजा माइकोफोन (स्टायण्डसमेत) | १५ | २३२।०० | | २३२।०० | ३५।०० | १९७।०० |
| ९ | स्टील दराज | १५ | ९९१।०० | | ९९१।०० | १४९।०० | ८४२।०० |
| १० | र्‍याक र मेच | १५ | ३१,५४६।०० | | ३१,५४६।०० | ४,७३२।०० | २६,८१४।०० |
| ११ | कलर डोपलर अल्टासाउण्ड मेशीन | १५ | १७३,४५८।०० | | १७३,४५८।०० | २६,०१९।०० | १४७,४३९।०० |
| | जम्मा | | २९९,२२६।०० | - | २९९,२२६।०० | ४४,८८५।०० | २५४,३४१।०० |

सम्पत्ति, प्लान्ट तथा उपकरण अन्तर्गत देखाइएको सामानहरुमा संस्थाको नीति अनुसार १५ प्रतिशत ह्रास कट्टी गरिएको छ ।

# हार्ट क्लब नेपाल
ललितपुर
## आर्थिक बिवरणसंग सम्बन्धित अनुसूचीहरु

नगद तथा नगद समान — अनुसूची २

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| कृ.बि.बैं. बचत हि. ३२३३९६ | ८८७,८७५.८९ | ८८३,०२३.८९ |
| कृ.बि.बैंक मूद्दति एमएम२३०५८०००४८ | - | - |
| सानिमा बैंक लि. ५०१२१२००००२० | - | - |
| सानिमा बैंक लि. ब.हि.घ५०११०६०००४२२१ | १४४,६३९.२३ | ८५,२३०.७१ |
| टेवा बहुउद्देश्यीय सहकारी संस्था | ३५,८४४.१८ | |
| जम्मा | १,०६८,३५९.३० | ९६८,२५४.६० |

पेश्की तथा लिनुपर्ने हिसाब — अनुसूची ३

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| अग्रिम कर कट्टी | २२,४८७.६० | ११,८४४.१६ |
| जम्मा | २२,४८७.६० | ११,८४४.१६ |

संचित बचत — अनुसूची ४

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| गत बर्षसम्मको बचत | १,२६९,३२४.७६ | १,४२७,००४.१३ |
| अक्षय कोषमा सारिएको | - | (१४९,८९९.००) |
| यस वर्षको बचत/(घाटा) | ५१,६५०.१४ | (७,७८०.३७) |
| जम्मा | १,३२०,९७४.९० | १,२६९,३२४.७६ |

तिर्नुपर्ने हिसाब — अनुसूची ५

| विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|
| तिनुपर्ने लेखापरीक्षण शुल्क | ११,३००.०० | १०,०००.०० |
| जम्मा | ११,३००.०० | १०,०००.०० |

# हार्ट क्लब नेपाल

## ब्याजको विवरण

## आ.ब. २०८१।८२

| बैंकको नाम | ब्याज | कर | खुद जम्मा |
|---|---|---|---|
| सानिमा बैंक लि. ब.हि.#५०११०६०००४२२१ | ३,४२११४२ | ५१३।२१ | २,९०८।२१ |
| सानिमा बैंक लि. मूद्दति | ६६,८८२।७४ | १०,०३२।४१ | ५६,८५०।३३ |
| टेवा बहुउद्देश्यीय सहकारी संस्था | ६५१।९८ | ९७।८० | ५५४।१८ |
| जम्मा | ७०,९५६।१४ | १०,६४३।४२ | ६०,३१२।७२ |